*गाँउसभाबाट स्वीकृत मिति :*
*२०८३ असार १० गते*

# वार्षिक नीति तथा कार्यक्रम

## आ.व. २०८३/०८४

### २०८३ असार १० गते

बलेफी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

# आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम
# गाउँ सभाको १९ औं अधिवेशन

**गाउँ सभाका उपाध्यक्षज्यू,**
**गाउँ सभाका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत,**
**गाउँ सभाका सदस्यहरू,**
**उपस्थित सम्पूर्ण अतिथिगण,**
**सम्पूर्ण कर्मचारीहरू, पत्रकार मित्र, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु ।**

बलेफी गाँउपालिकाको गरिमामय १९ औ गाँउसभामा आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरिरदा गौरवान्वित महशुस गरेको छु ।यस महत्वपुर्व अवसरमा मुलुकको नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना, मुलुकको समृद्धि र अग्रगमनका लागि ईतिहासको विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानीपुर्ण संङघर्षहरुमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात - अज्ञात सहिदहरुलाई स्मरण गर्न चाहान्छु ।

संविधानले सुनिश्चित गरेका प्रावधानहरूलाई व्यवहारतः रूपान्तरण गर्ने क्रममा दोस्रो स्थानीय तहको निर्वाचन, २०७९ को कार्यअवधिको क्रममा बलेफी गाउँपालिकामा स्थानीय सरकारको रूपमा रही ५ वर्षे कार्यकालको अन्तिम वर्षको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आशातित र चुनौतीको मिश्रित अनुभूति भएको छ । साथै, वि.सं. २०८२ भदौ २३ र २४ गते भएको Gen-Z पुस्ताको आन्दोलनका मूल मुद्दाहरुमा हामी सबैको समर्थन रहेको र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था र संविधानको रक्षा गर्नु हामी सबैको कर्तव्य हो भन्ने विषय पुन स्मरण गराउँदै आ.व ०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम, बजेटमा समेत Gen-Z पुस्ताको मूल मुद्दाहरुलाई हरसम्भव समावेश गराउने पहल गरेको छौ ।

"*कृषियोग्य व्यापारिक र पर्यटकीय ठाँउ : नविन सोच सहितको समृद्ध बलेफी गाँउ*" भन्ने दीर्घकालिन सोच सहितका चार आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन तथा कार्यसम्पादन गरी यो पाँचौ नीति तथा कार्यक्रम यस गरिमामय सभा प्रस्तुत गर्दैछु । यस अवधिमा हामी केही नियमित र केही विशिष्ट प्रकृतिका कार्यहरु गर्न सफल भएका छौ । गाँउपालिकाको यस कार्यसम्पादनको श्रेयको भागीदार यँहा उपस्थित सम्पुर्ण गाँउसभा सदस्यज्यूहरु नै हुनुहुन्छ ।आगामी दिनमा समेत गाँउपालिकाको गतिविधि र कार्यसम्पादन शुक्ष्मरुपमा नियाल्दै र पृष्ठपोषण दिदै पालिकालाई कमजोरी सच्याउदै अगाडि बढ्ने रचनात्मक वातावरण यँहाहरुले सिर्जना गर्नुहुनेछ भन्नेमा म ढुक्क छु ।

**गाउँ सभा सदस्यहरू**

हामीले हुर्कदै गर्दा देखेको र बाचेको समाज अहिले छैन ।मर्दा र पर्दा अनि सामाजिक काममा जतिखेर जसको लागि पनि जुट्ने र गर्ने संस्कार र सामाजिक पुँजी क्षयीकरण हुदै गएको छ ।हिजो परिवर्तनको लागि ज्यानै आहुती गर्न तयार समाज आफ्नै घर र आगन बनाउन पनि निष्क्रिय र उदासिन छ, सँगैको बारी र पाखामा निरासा र आसा कम देखिदैछ । यस यथार्थताको बीच गाँउपालिकाको पर्याप्त आन्तरिक स्रोत नहुनु र संघ र प्रदेश सरकारले खटाएर दिएको अनि राजश्व नउठ्दा कटाएको अनुदानको भरमा काम गर्न सहज र अनुमानयोग्य छैन ।हाम्रा अनगिन्ती आवश्यकता र जटिलताको सम्बोधन गर्ने हैसियत यस प्रकारको अन्तर सरकारी वित्तिय हस्तान्तरणले राख्दैन । यस पृष्ठभूमीमा आम नागरिकको आशा, आकंक्षा, अपेक्षा र हाम्रो वाचा अनि प्रतिवद्धतालाई आत्मसाथ गरी आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम लक्षित रहेको कुरा ब्यक्त गर्न चाहन्छु ।

**उपस्थित सभाका सदस्यज्यूहरू,**

सुशासन, सामाजिक न्याय र समृद्धिको महान संकल्प गरेर हिडिरहेको यस समृद्धिको यात्रामा बलेफीवासीले अनुभूत गर्न सक्ने विकास, सुशासन र समृद्धिको गन्तव्यमा पुर्याउनु हाम्रो कर्तव्य हो। सो आकांक्षा पूरा गर्न बजेटलाई प्राथमिकिरणका साथै समन्यायिक विकासको अवधारणालाई आत्मसात गरी विनियोजन गर्नुपर्दा एकैपटक नागरिकका सबै माग पूरा गर्न सम्भव हुन सक्दैन भन्ने महसुस हुदाँहुदै पनि जनताको जीवनस्तर उकास्ने, आम्दानी र रोजगार बढ्ने, स्थानीय साधन, स्रोत र सीपको उपयोग हुने, उत्पादनमूलक र छिटो प्रतिफल दिन सक्ने क्षेत्रमा बजेटको कुशलतम विनियोजन गर्ने प्रयास गरेका छौं ।

**उपस्थित सभाका सदस्यज्यूहरू,**

अब म बलेफी गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरू प्रस्तुत गर्न चाहन्छु ।

**वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरू :**

१. नेपालको संविधानले व्यवस्था गरेका मौलिक हक तथा अनुसूची-८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरू
२. २०८२ भाद्र २३ र २४ को **Gen-Z** आन्दोलन पश्चात सरकारसँग भएका सम्झौताहरू,
३. सोह्रौं आवधिक योजना (आ.व ०८१/८२ - ०८५/८६)
४. नेपाल सरकारको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेट बक्तव्य

५. बागमती प्रदेशको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम र बजेट बक्तव्य
६. स्थानीय सरकार सञ्चालन ऐनका प्रावधानहरू
७. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४
८. विगत बर्षहरूका गाउँ सभा र कार्यपालिकाबाट पारित निर्णयहरू
९. सरोकारवालाहरूबाट प्राप्त राय सुझावहरू
१०.स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका बजेटका प्राथमीकिकरण र मार्गदर्शनहरु र विषयगत समितिहरूबाट प्राप्त राय, सल्लाह र सुझावहरू
११.लेखापरीक्षण प्रतिवेदनले औल्याइएका सुझावहरु
१२.दिगो विकासका रणनीतिक लक्ष्यहरु
१३.बलेफी गाउँपालिकाको आवधिक योजना
१४. स्थानीय शासन कार्यसम्पादन मूल्यांकन (व्यवस्थापन तथा संचालन) कार्यविधि, २०८२
१५. बलेफी गाँउपालिकाको क्षेत्रगत योजना तथा रणनीतिहरु

**गाउँ सभा सदस्यहरू,**
अब म यस बलेफी गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. <u>सामाजिक विकास क्षेत्र तर्फ</u>

### (क) शिक्षा, युवा, खेलकुद तथा नवप्रवर्तन

१. अपाङ्गता भएका बालबालिकालाई विद्यालयभित्रै आवासिय सुविधा सहतिको शिक्षा र स्वास्थ्य प्रदान गर्न श्री वनसाघु माध्यमिक विद्यालयमा ***अपाङ्गता आवासिय विद्यालय*** सञ्चालन गरिनेछ ।

२. बलेफी गाँउपालिकको समग्र शिक्षा प्रणालीलाई गुणस्तरीय, व्यवहारिक, नतिजामुखी र व्यवसायिक बनाउनका लागि आ. व. २०८३/८४ लाई ***शैक्षिक सुधार अभियान वर्ष*** को रुपमा घोषणा गरी कार्यान्वयन गरिनेछ ।

३. औपचारिक शिक्षाको प्रमाणपत्र बोकेका शैक्षिक वेरोजगार होइन ***सीप बेचेर गरी खान सक्ने, श्रमको सम्मान र पसिनामा गर्व गर्ने, रोजगार र अवसर सृजना गर्न सक्ने*** जनशक्ति उत्पादनको जग निर्माण गर्न पहल गरिनेछ ।

४. ***स्वास्थ्यका लागि खेलकुद : राष्ट्रका लागि खेलकुद*** भन्ने नारालाई आत्मसात गरी विद्यालय तथा वडास्तरको खेलकुदको विकासका लागि राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता लगायत

अन्य खेलकुद प्रतियोगिताहरु एकल तथा संघ संस्थाहरुको सहकार्यमा सञ्चालन गरी खेलकुद क्षेत्रमा टेवा पुयाउने निति लिइनेछ।

५. पाठ्यक्रममा आधारित क्रियाकलाप तथा अतिरिक्त क्रियाकलापको माध्यमबाट बालबालिकाको अन्तरनिहित प्रतिभा प्रष्फुटनको अवसर प्रदान गरी सर्वाङगिण विकासमा टेवा पुयाउन विद्यार्थी प्रतिभा पहिचान, अतिरिक्त क्रियाकलाप सञ्चालन जस्ता कार्यक्रमहरु सञ्चालन गरीनेछन।

६. सामुदायिक सिकाइ केन्द्र मार्फत साक्षर समुह गठनका माध्यमबाट आयआर्जन कार्यक्रम सञ्चालन गरी निरन्तर शिक्षा मार्फत आर्थिकस्तर बृद्धि गर्न पहल गरिनेछ।

७. वडा कार्यालयबाट वडास्तर एवम् वडा भित्रका विद्यालयमा सञ्चालन गरिने शैक्षिक कार्यक्रममा दोहोरोपना (Duplication) हुन नदिई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

८. बलेफी गाउँपालिका भित्रका सबै सामुदायिक माध्यमिक विद्यालयहरूमा **Face Recognition Electronic Attendance Device** र **CCTV** को जडान गरि गाउँपलिकाबाट अनुगमन डिजिटल माध्यमबाट गराउन पहल गरिनेछ ।

९. सामुदायिक विद्यालयहरुमा घट्दो विद्यार्थी संख्यालाई ध्यानमा राखी गाँउपालिका, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र सम्बन्धित विद्यालयको संयुक्त पहलमा विद्यार्थी ***खोज्ने,ल्याउने, सिकाउने र टिकाउने*** अभियानमा सञ्चालन गरिनेछ ।

१०. बलेफी गाउँपालिका भित्रका विद्यालयबाट एस.ई.ई. मा सहभागी भई ४ जी.पी.ए (**GPA**) ल्याउने विद्यार्थीलाई नगद सहित सम्मान गरिनेछ ।

११. एस.ई.ई. मा उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई सम्मान स्वरूप अनुदान दिने कार्यक्रमको निरन्तरता साथै आधारभूत शिक्षा परीक्षा र माध्यमिक शिक्षा परीक्षामा पालिका प्रथम हुने विद्यालयहरूलाई नगद सहित सम्मान गरिनेछ।

१२. एस.ई.ई. नतिजामा पालिका प्रथम छात्र/छात्रा (१/१) र एस.ई.ई. नतिजामा **३.६ GPA** भन्दा माथि र कक्षा-८ को परीक्षामा ३.८ **GPA** भन्दा माथि प्राप्त गर्ने विद्यार्थीलाई सम्मान गरिनेछ।

१३. विद्यालयको शैक्षिक सुधारको लागि तहगत नतिजा विश्लेशण गरी शिक्षक, विद्यार्थी सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. बैज्ञानिक एबम् बालमैत्री सिकाई प्रवर्द्धन गरी सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुनिश्चित गर्न ***बहुकक्षा बहुस्तर(MGML) शिक्षण पद्धति*** सबै सामुदायिक विद्यालयहरुमा लागु गरिनेछ ।

१५. प्राविधिक शिक्षा अध्ययन गर्न चाहने र अध्ययन गरिरहेको आदिवासी जनजाति, दलित सिमान्तकृत परिवार तथा शहिद, घाइते, बेपत्ता परिवारका सदस्यहरुलाई छात्रवृत्तिको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१६. सामुदायिक क्याम्पसहरुलाई दिदै आएको अनुदान रकमलाई आगामी आ.व मा समेत निरन्तरता दिइनेछ ।

१७. बलेफी गाउँपालिका भित्रका नागरिकले एमबीबीएस (**MBBS**) अध्ययनका लागि प्रवेश परीक्षा उत्तिर्ण गरेका पालिका भित्रका नागरिकका लागि प्रत्येक वर्ष रु. १ लाखका दरले छात्रवृति प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१८. सामुदायिक विद्यालयहरुमा बाल उद्यान, बाल बाटिका, बालमैत्री संरचनाहरुको विकास गरिने छ।

१९. बलेफी गाउँपालिका भित्रका सामुदायिक विद्यालयको स्वामित्वमा रहेको सरकारी नम्बर प्लेट भएको स्कुल बस संचालनको लागि गाउँपालिकाद्वारा आवश्यक खर्चको व्यवस्था गरिनेछ।

२०. बाल स्वास्थ्यलाई मध्यनजर गर्दै सामुदायिक विद्यालयमा दिवा खाजा व्यवस्थापन कार्यविधिलाई लागू गर्दै बालविकास कक्षा देखि १० सम्मको लागि दिइँदै आएको अनुदानलाई निरन्तरता दिदैं आगामी आ.व मा कक्षा १२ सम्मको विद्यार्थीलाई दिवा खाजाको व्यवस्थापन गरिनेछ।

२१. गाउँपालिका भित्रका खेलाडीले खेलकुदमा राष्ट्रिय तथा अन्तराष्ट्रिय पदक विजेतालाई क्रमशः नगद रू. ५० हजार र रू. १ लाखसहित सम्मान गरिनेछ।

२२. ***"हाम्रो युवा हामी सँगै"*** "भन्ने नाराका साँथ गाँउपालिकामा रहेका युवाक्लवहरुलाई सक्रिय बनाई युवा जागरण अभियान सञ्चालन गरिनेछ ।

**गाउँ सभा सदस्यहरू,**

## (ख) स्वास्थ्य, खानेपानी तथा सरसफाई र पोषण

२३. आगामी आ.वमा बलेफी आधारभूत अस्पतालको निर्माण सम्पन्न भएको भवनको बाँकी बक्यौता भुक्तानी सम्पन्न गरी जलबिरे प्राथमिक स्वास्थ्य केन्द्र लाई ***बलेफी आधारभूत अस्पताल***मा रुपान्तरण गरी सेवा प्रदान गरिनेछ ।

२४. बलेफी गाउँपालिकाको ***खानेपानी, सरसफाइ तथा स्वच्छता योजना(WASH PLAN)*** मा उल्लिखित प्राथमिकीकरणको आधारमा योजनाहरु कार्यान्वयन गरिनेछ ।

२५. महिला स्वास्थ्य स्वयंम सेविकाहरुलाई उपलब्ध गराउँदै आएको मासिक यातायात खर्च रू. एकमुष्ठ रू. २,५०० लाई निरन्तरता दिइनेछ ।

२६. महिलाहरुमा देखिने आँङ खस्ने, फिस्टुला, स्तन क्यान्सर, पाठेघर जस्ता रोग लक्षित वडा स्तरमा स्वास्थ्य शिविर कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२७. सुत्केरी महिलालाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइने कार्यलाई निरन्तरता दिइनेछ।

२८. शारीरिक तन्दुरुस्तका लागि ***एक वडा एक सार्वजनिक व्यायमशाला*** निर्माण गर्ने उदेश्य अनुरुप वडा नं १, ३, ५ र ८ मा सम्पन्न भएको व्यायामशाला लाई थप स्तरीकृत बनाउँदै आगामी आ.व मा बाँकी वडाहरुमा समेत व्यायामशाला निर्माण कार्य गर्न पहल गरिनेछ ।

२९. ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण तथा दैनिक योग अभ्यास कार्यक्रम त्रैमासिक रूपमा संचालन गरिनेछ । साथै, **प्यालीएटिभ** कार्यक्रम मार्फत "क" वर्गका अपाङ्गता भएको व्यक्तिहरूलाई घर दैलोमा स्वास्थ्य परिक्षण गर्ने कार्यलाई निरन्तरता र विस्तार गरिनेछ ।

३०. किशोर किशोरी स्वास्थ्य सेवा र नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३१. **RUSG** को सेवालाई सबै वडाका स्वास्थ्य संस्थाहरुबाट प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

३२. सडक पेटी तथा बजार क्षेत्रमा आवश्कताका आधारमा राखिएको डस्टविनको फोहोर व्यवस्थापनका लागि संघ संस्था तथा सेवा प्रदायक सँग आवश्यक समन्वय गरिनेछ।

३३. गाउँ घरमा उत्पादन हुने तर नकुहिने प्रकृतिका फोहोरहरुको उचित व्यवस्थापन वडाहरु मार्फत गरिनेछ ।

३४. आगामी आ.व बाट वलेफी आधारभूत अस्पतालमा कार्य गर्ने जनशक्तिलाई सिफ्टको आधारमा अतिरिक्त समय र जोखिम भत्ता प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

३५. उपाध्यक्ष सुत्केरी भेटघाट कार्यक्रमलाई निरन्तरता आगामी आ.वमा समेत निरन्तरता दिइनेछ ।

३६. ***"पोषणमा लागानी सधैं जवानी कार्यक्रम"*** मार्फत समुदाय, स्वास्थ्य आमा समूह र विद्यालयहरुमा अभिमुखिकरण गरिनेछ ।

## (ग) महिला बालबालिका तथा लक्षित वर्ग

३७. आ व २०८३/८४ भित्र गाँउपालिकालाई ***बालमैत्री स्थानीय शासन*** भएको पालिका घोषणा गरिनेछ ।

३८. गाउँपालिका भित्र जन्मिएका नवजात छोरीहरुको जन्मलाई प्रोत्साहन गर्दै लैङ्गिक समानता, छोरी प्रतिको सकारात्मक सोच तथा जन्मदर्ता सुनिश्चत गर्न ***छोरी सम्मान कार्यक्रम*** मार्फत प्रदान गर्दै आएको रू. ५,००० लाई निरन्तरता दिईनेछ।

३९. ***बलेफीको आवाज : छुवाछुतमुक्त समाज*** भन्ने नारालाई आत्मसात गरी लैङ्गिक तथा जातीय विभेद, छुवाछुत सामाजिक कुरिति अन्ध-विश्वास मानव बेचविखन तथा ओसारपसार बालविवाह, बहुविवाह लगायत सामाजिक हिंसाका घटनाहरुलाई निरुत्साहित गर्न विभिन्न साझेदार गैर सरकारी संस्थासँगको समन्वय र सहकार्यमा आवश्यक सहयोग गर्नुका साथै गाउँपालिकाभित्रको विकास, सेवा र शासनमा औचित्यपूर्ण एंव समतामुलक सहभागी गराईनेछ ।

४०. जनताको नजिकको सरकार स्थानीय सरकार भएको हुदाँ मृत्यु पर्यन्त मृतक परिवार भेटघाट कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४१. "***उपाध्यक्ष सुत्केरी भेटघाट कार्यकम***" लाई निरन्तरता दिइनेछ ।

४२. अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क अद्यावधिक गरी उनीहरुको जीवनयापनलाई सहज बनाउन सीपमूलक तालिम एवम् सीप व्यवस्थापनका आयआर्जन तथा पठनपाठन सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

४३. गाउँपालिकाभित्रका पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरुको घर दैलो स्वास्थ्य परिक्षण, सहायक सामग्री, हेरचाहमा प्रत्यक्ष संलग्न अभिभावक वा संरक्षकलाई प्रोत्साहन गर्न

सीपमुलक तालिम प्रदान गर्नुका साथै प्रदेश सरकारकासँगको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।

४४. पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति, दीर्घरोगका कारण आफै सरसफाई गर्न नसक्ने व्यक्तिहरुको जीवनयापनमा सहयोग पु¥याउन आवश्यक आधारभुत सामाग्रीहरु वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

४५. ***गाँउपालिकाको कानून बालबालिकाले जानुन*** भन्ने नाराका साथ बालबालिकाका हक अधिकार र कर्तव्य बारे सुसुचित गराउने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४६. "जेष्ठ ***नागरिक समाजका सम्पत्ति हुन्*** भन्ने मान्यतालाई आत्मसाथ गर्दै जेष्ठ नागरिकको ज्ञान, सीप तथा अनुभवको हस्तान्तरण, पुस्तान्तरण र रुपान्तरण गर्न ***जेष्ठ नागरिकसँग गाँउपालिका कार्यक्रम*** सञ्चालन गरिनेछ।

**गाउँ सभा सदस्यहरू,**

## २. आर्थिक विकास क्षेत्र तर्फः

### (क) कृषि तथा पशुपन्छी

४७. ***"आर्थिक समृद्धिको आधार : कृषि तथा पशुपालन क्षेत्र विस्तार"*** को नीति लिई खाद्यान्न, तरकारी, फलफुल तथा दुग्ध तथा मासुजन्य उत्पादनमा बृद्धि गरी गाँउपालिकालाई आत्मनिर्भर बनाइनेछ ।

४८. गाउँपालिका भित्रका कृषकहरुका लागि ५० % अनुदानमा कृषि यान्त्रिकरणमा विकासका लागि मिनिटिलर, घाँस काट्ने मेसिन, स्प्रे, थ्रेसर जस्ता उपकरणहरु उपलब्ध गराउने नीति लिईनेछ।

४९. ***"म गर्छु कृषि, कही जान्न देश बिर्सी"*** भन्ने भावनाका साँथ देशमै कृषि कर्म गर्ने युवालाई उत्प्रेरित गरिनेछ ।

५०. ***"किसानसँग गाँउपालिका : खेतबारीसँग कृषि प्राविधिक*** " भन्ने नारालाई आत्मसाथ गर्दै खेतवारीमा नै कृषि प्राविधिक सेवा पु¥याउने व्यवस्था मिलाइनेछ ।

५१. "***एक वडा एक कृषि उत्पादन कार्यक्रम***" अन्तर्गत वडा नं. १ मा आलु पकेट क्षेत्र विस्तार कार्यक्रमलाई निरन्तरता दिदै थप वडाहरूमा समेत उक्त कार्यक्रम थप गर्न पहल गरिनेछ।

५२. गाउँपालिका भित्र उत्पादित आलु लगायत अन्य कृषि उपजहरूलाई शीत भण्डारमा भण्डार गर्दा लाग्ने शुल्कमा ५० % अनुदान दिईने व्यवस्था लाई निरन्तरता दिदैं बजारीकरणमा पहल गरिनेछ।

५३. ***"बलेफीको सान : बिषादीमुक्त खानपान"*** भन्ने नाराका साँथ बिषादीयुक्त खाना आफू पनि नखाने र अरुलाई पनि नखुवाउने तथा रसायनिक मलको प्रयोग क्रमशः घटाउदै प्राङ्गरिक मलको प्रयोग गरी खेतीकिसानलाई प्रोत्साहित गरिनेछ ।

५४. प्राकृतिक विपद् तथा जलवायुजन्य जोखिमबाट कृषकलाई सुरक्षित गर्न कृषि बीमा, पूर्वसूचना प्रणाली तथा जोखिम न्यूनीकरण कार्यक्रम विस्तार गरिनेछ।

५५. गाउँपालिका भित्र उत्पादित दुध र दुधजन्य पदार्थलाई सहकारी क्षेत्रको सहकार्यमा संकलन, प्रशोधन तथा बजारीकरण गरिनेछ ।

५६. "***उपाध्यक्ष फलफूल प्रवर्धन कार्यक्रम***" लाई निरन्तरता दिइनेछ ।

५७. गाउँपालिका भित्र भएका कुकुरहरूलाई रेबिज नियन्त्रणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

५८. दुध र दुधजन्य पदार्थ बिक्रिवितरणको लागि कृषि एम्बुलेन्स खरिद गरी सञ्चालन गरिनेछ। र गाउँपलिकालाई दुधमा आत्मनिर्भर बनाउन कृषकहरूसँगको लागत साझेदारीमा "***गाई*** भैसीको नयाँ पकेट विकास कार्यक्रम" मार्फत गाईभैसी वितरण गरिनेछ ।

५९. गाउँपालिकाको किसान सूचीकरण र किसान परिचय-पत्र वितरण कार्यक्रमलाई निरन्तरता दिदै कृषि, पशुपन्छी तथा मत्स्यपालन गर्ने कृषकहरूको तथ्यांक संकलन, प्रशोधन, भण्डारण र अध्यावधिक गर्ने कार्यक्रम संचालन गरिनेछ ।

६०. कृषि तथा पशु स्वास्थ्य परीक्षण शिविर संचालनलाई निरन्तरता दिइनेछ। र पशुहरुको नश्ल सुधार गर्नका लागि कृत्रिम गर्भाधान(***AI***) कार्यक्रम सञ्चालन गरिनेछ ।

६१. बाली नालीमा क्षती पुर्‍याउने बाँदर, बदेल, दुम्सीजस्ता वन्यजन्तु नियन्त्रणको लागि कृषकहरूसँगको लागत साझेदारीमा आधुनिक उपकरणहरू खरिद गरि वितरण गर्ने र जङ्गलीवन्यजन्तु Trap Home को लागि सम्भाव्यता अध्ययन गर्ने कार्यलाई अगाडि बढाइनेछ।

६२. बलेफी गाउँपालिका क्षेत्र भित्र मौरीपालन गर्न योग्य स्थानको पहिचान गरी ***"एक घर एक मौरी सहितको घार"*** वितरण अभियानलाई निरन्तरता दिइनेछ।

६३. **जसले गर्छ उत्पादन, उसले पाउँछ अनुदान** भन्ने नाराका साथ कृषि तथा पशुजन्य उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ ।

## (ख) पर्यटन, संस्कृति तथा सम्पदा

६४. गाउँपालिका क्षेत्रभित्र ऱ्याफटिङ (**Rafting**) व्यवसायलाई प्रोत्साहन तथा प्रवर्द्धन र सीप विकासको लागि ऱ्याफटिङ सेन्टर(**Rafting center**) संचालनको लागि नेपाल पर्यटन, होटेल तथा पर्वतीय प्रतिष्ठान (NATHM) सँग समन्वय र सहकार्य गरी आगामी आ.व बाट उक्त ऱ्याफटिङ सेन्टर(**Rafting center**) संचालन गरिनेछ।

६५. सुकुटे क्षेत्रका पर्यटन व्यवसायीसँगको समन्वयमा बलेफी गाउँपालिकाको धार्मिक तथा पर्यटन क्षेत्रको प्रवर्द्धन गर्न अरनिको राजमार्ग अन्तर्गतको बलेफी र सुकुटे क्षेत्रमा बलेफी गाउँपालिकाको आकर्षित गन्तव्यका क्षेत्रहरुको पर्यटन सूचना बोर्ड राखि पर्यटकलाई आर्कषित गराई भ्रमणको लागि अभिप्रेरित गर्न पहल गरिनेछ । जसले गर्दा यातायात तथा होटल व्यवसायी र स्थानीयलाई रोजगारीमा सहयोग पुग्नेछ ।

६६. बलेफी गाउँपालिकामा भित्र रहेका ***वनकाली, फलाटे रक्तकाली मन्दिर, कपिलेश्वर, गढीडाँडा, सेल्ताप, बुद्ध पार्क, कर्मा डुप्पुलिङ*** लगायतका पर्यटकीय एवं ऐतिहासिक महत्वका स्थानहरूको संरक्षण र संवर्द्धन गरिनेछ र उक्त स्थानहरूमा भ्रमण गर्न आउने पर्यटकहरूलाई मौलिक पहिचान अनुरुप स्थानीय खाना, खाजा र आवासको लागि नजिकको दुरीमा होम-स्टेको व्यवस्था गर्न प्रोत्साहन गरिनेछ।

६७. ऐतिहासिक स्थल, पुरातात्विक महत्वका स्थान, मठ मन्दिर, गुम्बा, कृषि क्षेत्र, पर्यटन एवं सार्वजनिक महत्वका स्थान जोडिने गरी एक वडा एक पदमार्ग निर्माण कार्यक्रम अघि बढाइने छ।

६८. गाउँपालिका भित्रका धार्मिक स्थलहरुलाई पर्यटकीय स्थलका रुपमा विकास गर्न र स्थानीयको आर्थिक स्तरोन्नति गर्न ***Hiking*** गर्ने नागरिक तथा पर्यटकहरु कार्यलाई प्रोत्साहन गरिनेछ ।।

६९. आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षण गर्न गाउँपालिका भित्र रहेका पर्यटकीय गन्तव्यहरूको प्रचारका लागि विधुतीय सामग्री मार्फत प्रसारण गरिनेछ।

## (ग) सहकारी, उद्योग तथा वाणिज्य, वित्तीय व्यापार एवम् व्यवसाय

७०. एउटै कार्य क्षेत्र तथा भुगोलमा धेरै सहकारीहरुको उपस्थिति रहदाँ थोरै र सिमित पुँजी समेत विकेन्द्रीकृत हुने हुदाँ ***एक व्यक्ति एक सहकारी सदस्य*** हुने गरी ***सहकारी एकीकरण अभियान*** सञ्चालन गरिनेछ ।

७१. सरकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) लाई सबै सहकारी संस्थाहरुमा लागू गरी पूर्णरुपमा कार्यन्वयनमा ल्याईनेछ। गाउँपालिका भित्रका सहकारी संस्थाहरुको विद्युतीय अभिलेखीकरण गरी प्रविधिमैत्री बनाउन प्रोत्साहन गरिनेछ ।

७२. सहकारी संस्थाहरुको पारदर्शिता, जवाफदेहीता र वित्तीय सुशासन कायम गरी आम नागरिकको विश्वसनीय अभिवृद्धि गर्न आफ्ना कार्यक्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको नियमित अनुगमन गरी सुधारका लागि निर्देशन दिईनेछ ।

७३. गाउँपालिका भित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरुलाई कार्यसम्पादन मूल्याङकनका आधारमा उत्कृष्ट सहकारी संस्थालाई सम्मान तथा पुरस्कृत गरिनेछ । कमजोर अवस्थामा रहेका सहकारी संस्थालाई सवलीकरण गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

७४. अनुमती तथा ईजाजत नलिई सञ्चालनमा रहेका सहकारी संस्थालाई कारवाहिको दायरामा ल्याईनेछ ।निष्कृय अवस्थामा रहेका सहकारी संस्थाको अनुगमन तथा पहिचान गरी खारेजीको प्रक्रियामा लगिनेछ ।

७५. सहकारी संस्थाको सुदृढीकरण गर्दै माग र आवश्यकताका आधारमा सहकारी संस्थाका पदाधिकारी एंवम कर्मचारीहरुलाई आवश्यक तालिम तथा क्षमता विकास मार्फत सहकारी शिक्षा तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

७६. बचतकर्ताको हित संरक्षणलाई प्राथमिकता दिदै समस्याग्रस्त सहकारीहरुलाई सुदृढिकरण र एकिकरण गर्न प्रोत्साहन गरिनेछ ।

७७. उत्पादन, उद्यमशीलता, नवप्रवर्तन र रोजगारीलाई गाउँपालिकाको आर्थिक रुपान्तरणको आधारका रुपमा विकास गरिनेछ ।उद्योग, व्यापार तथा लगानी प्रवर्द्धनका लागि नीतिगत तथा कानुनी सुधार गरी एकद्धार प्रणाली मार्फत व्यवसाय दर्ता गर्ने व्यवस्था मिलाईनेछ ।

७८. दर्ता तथा नविकरण हुन नसकेका उद्योग व्यवसाय तथा कृषि फर्महरुलाई निश्चित अवधि तोकी कर छुट तथा सहुलियत प्रदान गरी दर्ता, नविकरण सञ्चालन तथा पुनर्स्थापना गर्न प्रोत्साहन कार्यक्रम लागू गरी गरिनेछ ।

७९. बजारमा खाद्य बस्तुको सहज उपलब्धता, गुणस्तर तथा उचित मूल्य कायम राख्नका लागि सुचकका आधारमा गरिने बजार अनुगमन तथा नियमन कार्य मार्फत कृत्रिम अभाव, कालो बजारी र कार्टेलिङ नियन्त्रण गरी बजारलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

८०. प्राकृतिक स्रोत साधनको प्रयोग गरी स्थानीय कच्चा पदार्थको प्रयोगको प्रयोग गर्न सकिने खालका व्यवसाय सम्बन्धी सीप विकास कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

## घ) <u>श्रम, रोजगारी र सामाजिक सुरक्षा</u>

८१. रोजगार विहीनहरुको दर्ता र सार्वजनिक रोजगार कार्यक्रमका अतिरिक्त स्थानीय सीप तथा सोको माग, नक्साङ्कन, तालिम, समन्वय, उद्यमशीलता, सहजीकरण तथा बैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरुको पुनःएकीकरण सम्बन्धी कार्यक्रम एकद्वार प्रणाली मार्फत संचालन गरिनेछ ।

८२. सीप विकास तथा आयआर्जन कार्यक्रम संचालन मार्फत स्वरोजगार सिर्जनाका कार्यक्रम संचालन गरिनेछ ।

८३. निजी क्षेत्रसंगको समन्वय तथा सहकार्यमा आन्तरिक रोजगारका अवसरहरुको पहिचान गरी आन्तरिक रोजगार प्रबर्द्धनमा जोड दिईनेछ ।

८४. ***"श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम"*** संचालन गरी सफल तथा उदाहरणीय श्रमिक तथा उद्यमीहरुलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम संचालन ल्याईनेछ ।

८५. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजनालाई थप व्यवस्थित गरी अल्पकालीन रोजगारीका अवसरमा बृद्धि गरिनेछ ।

८६. बेरोजगारको सूचीकरणलाई थप व्यवस्थित र प्रविधिमैत्री बनाई सूचीकृत बेरोजगारलाई प्राथमिकताको आधारमा काममा खटाउने व्यवस्था मिलाइनेछ ।

८७. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमूलक कार्यक्रमहरु सञ्चालनमा जोड दिनुका साथै बाध्यात्मक अवस्थामा बैदेशिक रोजगारीमा जानेहरु र तिनका परिवार लक्षित गरी बैदेशिक रोजगारीलाई मर्यादित, व्यवस्थित र गुणस्तरीय बनाउन सूचना तथा परामर्श सेवा, मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षारता कक्षा सञ्चालन र रिटर्नी स्वयंसेवक परिचालन तथा बैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई उद्यम स्थापना गर्न प्रोत्साहन तथा सहयोग गरिनेछ

८८. श्रम संसारमा सरोकारवाला निकायहरुलाई आबद्ध गराइने छ ।

८९. प्रसूति सेवा केद्रहरु (स्वास्थ्य चौकी) बाटै नवजात शिशुहरूको जन्मदर्ताका लागि अनलाइन आवेदन दिने व्यवस्था मिलाइनेछ ।

९०. व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह आदि) को महत्त्व बुझाउन विद्यालय र समुदाय स्तरमा जनचेतनामूलक कार्यक्रमहरू सन्चालन गरिनेछ ।

९१. नयाँ निर्वाचित जनप्रतिनिधी र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको लागि राष्ट्रिय परिचयपत्र , व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

९२. मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथामका लागि समुदायस्तरमा मनोसामाजिक परामर्श सम्बन्धी शिविर सञ्चालन गरिनेछ ।

९३. जिल्ला पत्रकार महासंघसँगको समन्वयमा जिल्लाका पत्रकारहरुको वृतिविकास एवं सिप विकासमुलक तालिम सञ्चालन गर्ने नीति लिइनेछ ।

९४. श्रम स्वीकृती प्राप्त गरी वैदेशिक रोजगारीमा गएका श्रमिक तथा उनीहरुका परिवारले प्राप्त गर्ने विभिन्न कल्याणकारी सेवाहरु, जस्तै उद्दार, खोजतलास, शव व्यवस्थापन, आर्थिक सहायता तथा बैदेशिक रोजगारीका क्रममा अभिभावक गुमाएका वालबालिकाका निम्ती सन्तति छात्रबृति लगायतका सेवाहरुमा पहुँच सुनिश्चित गर्न आवश्यक सहजीकरण गरिनेछ ।

९५. बैदेशिक रोजगारीबाट फर्किएका युवालाई उद्यमशीलतामा प्रोत्साहन गर्न ***स्टार्टअप तथा उद्यम कोष*** स्थापना गरी परिचालन गरिनेछ ।

## ३. पूर्वाधार विकास क्षेत्र तर्फः

९६. ***हाम्रो बलेफी, राम्रो सडक : हाम्रो सडक*** भन्ने नारालाई आत्मसात गरी गुणस्तरी तथा दिगोपन सुनिश्चित सडक सहितको पुर्वाधार निर्माणमा जोड दिइनेछ । तोकिएको मापदण्ड बमोजिम तोकिएको समयमा नै उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति तथा निर्माण व्यवसायीलाई सम्मान गरिनेछ ।

९७. गाँउपालिका भित्रका मुख्य सडक तथा बजारक्षेत्रमा ***उपाध्यक्षसँग वैकल्पि उर्जा कार्यक्रम*** लाई निरन्तरता दिई कार्यान्वयन गरिनेछ ।

९८. भवन निर्माण गर्दा भवन संहिताले तोकेको मापदण्ड अनिवार्य रुपमा पुरा गर्नुपर्ने र नक्सा पास गर्नुपर्ने प्रावधान सुनिश्चित गरिनेछ ।भवन संहित लागु हुनुभन्दा अगाडी बनेका भवनहरुको नक्सा र अभिलेखीकरण गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।

९९. कृषि सडकको निर्माण, मर्मत र स्तरोन्नती गर्ने कार्य प्राथकिकताको साँथ गरिनेछ ।गाउँपालिका भित्रका मुख्य सडकहरूलाई कालोपत्रे गर्न पहल गरिनेछ।

१००.बस्तीसम्म जाने परम्परागत गोरेटो बाटोको स्तरोन्नती गरिनेछ ।

१०१. कृषि पकेट क्षेत्रको पहिचान गरी ***जनसहभागितामा आधारित सिँचाई कार्यक्रम*** सञ्चालन गरिनेछ । साना सिँचाइ आयोजनाहरुलाई प्राथमिकतामा राखिनेछ ।

१०२. उपभोक्ता समिति मार्फत संचालन गरिँदै आएका रू. ५ लाख भन्दा माथिका योजनाहरुको लागि अनिवार्य स्थायी लेखा नम्बर **(PAN)** मा दर्ता गर्नुपर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

१०३. गाउँपालिका भित्र आवश्यक पर्ने झोलुंगे पुलहरू निर्माणको लागि नागरिकका मागबमोजिम सम्बन्धित निकायसँग समन्वय गरी बजेट व्यवस्थापनको लागि पहल गरिनेछ ।

१०४.ग्रामीण विद्युतीकरणलाई नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी नाङ्गा तार विस्थापन साथै केवलतार जडानको कार्यलाई निरन्तरता दिईनेछ।

१०५. ८ नं. वडा कार्यालयको भवन निर्माण गर्न जग्गा व्यवस्थापन गरी भवन निर्माण प्रक्रियालाई अगाडी बढाइनेछ ।र अन्य निर्माण सम्पन्न भइसकेका वडा तथा स्वास्थ्य संस्थाका भवनहरुको नियमित मर्मत कार्य गरिनेछ ।

१०६. गाउँपालिका भित्रका सबै शाखा सडकहरुलाई नियमित संचालन गर्ने गरि सडक सरसफाई गर्ने, हेरालु राख्ने र मर्मत गर्ने व्यवस्था मिलाईनेछ।

१०७.गाउँपालिका तथा वडामा भएका विकास निर्माण लगायतका भौतिक पूर्वाधारका प्रगति विवरणको भिडियो तथा वृत्तचित्र बनाई सार्वजनिकीकरण गर्ने कार्य गरिनेछ ।

१०८.गाउँपालिका भित्र निर्माण हुने भौतिक पूर्वाधारका संरचनाहरु बालमैत्री, वातावरणमैत्री, अशक्तमैत्री र जेष्ठ नागरिकमैत्री निर्माण गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

१०९.गाउँपालिको भित्रका बस्तीहरु चोकहरु, बजारहरु र कार्यालय परिसरहरुमा आवश्यकताको आधारमा सौर्य सडक बत्ती, होडिङ्ग बोर्ड तथा सूचना पाटीहरु राखिनेछ।

११०. बलेफी गाउँपालिका वडा नं ५ र ८ को आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु सबलीकरण गरिनेछ ।

## ४. वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ

१११. बलेफी गाँउपालिकाको ***स्थानीय विपद तथा जलवायु उत्थानशील कार्यढाँचा(LDCRF)*** अनुसारको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बमोजिम कार्यान्वयन गरिनेछ ।

११२. बलेफी गाँउपालिका अन्तर्गत सबै वडाहरुमा ***विपद् स्वयमसेवक समुह (Disaster Volunteer Bureau)*** गठन गरी विपद् खोज उद्दार(Search And Rescue) सामाग्रीको व्यवस्थापन गरिनेछ ।

११३. गाउँपालिका भित्रका विपद व्यवस्थापनका सामग्री नियमित अनुगमन पश्चात स्थानीय प्रहरीलाई विपद्जन्य सामग्रीहरु उपलब्ध गराई परिचालन गरिनेछ ।

११४. खामारे बस्तीलाई आगामी आ.व. मा **NDRRMA** र जिल्ला विपद व्यवस्थापन समितिको समन्वयमा स्थायी रूपमा पुनर्स्थापना गरिनेछ।

११५. ५ ,६, ७ र ८ नं वडाको बजार क्षेत्रको फोहोर व्यवस्थापन कार्य भई रहेकोमा आगामी आ.व. मा अन्य स्थानहरूको समेत फोहोरमैलाको उचित व्यवस्थापन गराउन संघ, संस्थाहरु सँग साझेदारी गरिनेछ ।

११६. सव डिभिजन वन कार्यालयको सहकार्यमा वन डढेलो नियन्त्रणका लागि जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

११७. प्राकृतिक विपदबाट आवास क्षति भएका नागरिकहरुलाई अवस्था हेरी आवास निर्माण गर्न अनुदान उपलब्ध गराईने छ।

११८. विपद प्रतिकार्य, राहत तथा उद्धार, पुनर्स्थापनाको लागि आवश्यक पर्ने आधारभुत सामाग्रीहरु पर्याप्त मात्रामा व्यवस्था गरिनेछ।

११९. प्रत्येक वडाबाट एक जना ***विपद फोकल पर्सन(Disaster Focal Person)*** तोकी उक्त फोकल पर्सनसँग गाउँपालिका नियमित सम्पर्कमा रहने व्यवस्था गरिनेछ ।

१२०. आपतकालिन कार्य सञ्चालन केन्द्र **(LEOC)** स्थापना, विपद् पूर्व तयारी तथा प्रतिकार्य सामग्री हरित मनसुनजन्य विपदबाट क्षति हुने निजी आवास पुनः निर्माणका लागि लागत सहभागिता, विपद् खोज उद्धार तथा राहत वितरण कोष, विपद् व्वस्थापन सम्बन्धी सम्पूर्ण तालिम सहित विपद् कृत्रिम अभ्यास **(Disaster Demo presentation)** सञ्चालन गरिने छ।

## ५. संस्थागत विकास तथा सुशासन तर्फ

क. **सार्वजनिक सेवा प्रवाह**

१२१. आ.व ०८२/८३ मा सबै वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा विद्युतीय हाजिरी जडान भई उक्त हाजिरीमा रहेको अभिलेख मासिक प्रमाणित गरी अध्यावधिक गर्ने गरिएकोमा आगामी आ.व मा विद्यालयहरुमा समेत विद्युतीय हाजिरी जडान गर्न पहल गरिनेछ ।

१२२. सेवा प्रवाहमा चुस्तता ल्याउनको निम्ति राष्ट्रसेवक कर्मचारीहरुलाई उत्प्रेरित गर्न प्रोत्साहनका कार्यक्रम राखिनेछ तथा कार्यसम्पादन मुल्याङकनको आधारमा पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ ।

१२३. गाउँपालिकाको स्वामित्वमा रहेको सार्वजनिक सम्पति व्यवस्थापनका लागि आवश्यक प्रबन्ध गरिनेछ ।

१२४. बलेफी गाउँपालिकाभित्रका मुख्य बजार तथा सुरक्षा संवेदशील स्थलहरुमा सिसिटिभि (CCTV) जडान गरिनेछ।

१२५. वार्षिक समिक्षा, चौमासिक सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परिक्षण जस्ता कार्यक्रमहरुलाई प्रभावकारी ढङ्गबाट समयमै संचालन गर्दै आएकोमा यसलाई निरन्तरता दिईनेछ।

१२६. अन्तर स्थानीय तहको साझा सरोकारका विषयहरुमा सहकार्य र समन्वय गरिनेछ साथै कम्तीमा एक क्षेत्रमा सह-लगानीका कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

१२७. नेपाल सरकारले कार्यान्वयन गरेको ***Zero File Policy*** पुर्ण रुपमा कार्यान्वयन गरिनेछ ।सार्वजनिक सेवा प्रवाहमा ***आर्टिफिसियल इन्टेलिजेन्स(Artificial Intelligence )***को प्रयोग जोडिनेछ ।

१२८. पालिकाक्षेत्रलाई सूचना तथा प्रविधिमैत्री बनाउन इन्टरनेट सुविधाको पहुँच बाहिर रहेका बस्तीमा इन्टरनेट सुविधा विस्तारमा जोड दिइनेछ ।

१२९. गाउँपालिकाको वडाहरुमा वडा कार्यालयको सूचना प्रवाहको निम्ति वडागत रुमा सूचना अधिकारी तोक्ने र नागरिकका कामको सहजीकरणका निम्ति वडागत रुपमा सम्पर्क व्यक्ति तोकिनेछ ।

ख. **राजस्व सुधार**

गाउँपालिकाले आगामी आ.व. मा राजश्व प्रशासनमा सुधार गरी राजश्व संकलन वृद्धि गर्न निम्न कार्यक्रमहरु संचालन गरिनेछ ।

१३०. आ व २०८३/८४ बाट आन्तरिक राजश्व कार्यालयको समन्वय र साझेदारीमा राजश्व प्रशासन सम्बन्धी सेवालाई पालिकाबाटै प्रदान गरिनेछ ।

१३१. पालिकाबाट बाहिर निकासी हुने नदिजन्य पदार्थ, काठ, दाउरा माटो लगायत कर लाग्ने बस्तुहरुको निकासी कर संकलन गर्नको निम्ती निकासी बिन्दुमा कर संकलन केन्द्र निर्माण गरिनेछ ।

१३२. राजस्वको दायरा बढाई विज्ञापन कर र कवाडी संकलनको निम्ति आवश्यक प्रकृया अगाडी बढाइनेछ ।

१३३. राजस्व सुधार कार्ययोजना, राजस्व प्रशासनको सरलीकरण, मोबाइल टोलीको व्यवस्था, सूचना प्रविधिको विकास र विस्तार जस्ता कार्यक्रमहरुलाई विशेष रुपमा अघि बढाइनेछ ।

१३४. कर प्रशासनलाइ मितव्ययी र सहज पहुँचयोग्य बनाइनेछ । यसका लागि क्रमश अनलाइन पे मेन्ट, डिजिटल पेमेन्ट जस्ता आधुनिक प्रविधिहरुको अवलम्बन गरिनेछ ।

**१३५.** गाउँपालिकाले हाल लिदै आएको कर, राजस्व, शुल्क आदिलाई थप व्यवस्थित र नियमन गरिनेछ । **हाम्रो गाउँपालिका हाम्रो कर, समृद्ध बलेफी निर्माणको रहर** भन्ने नारालाई साकार पार्न असल करदातालाई सम्मान गरिनेछ ।

१३६. बलेफी गाउँपालिकाले हाल लिंदै आएको राजश्वको दरलाई आवश्यकता अनुसार अध्यावधिक तथा परिमार्जन गर्दै राजश्वका दायराहरू विस्तार गर्ने नीति लिइने छ।

**उपस्थित सम्पूर्ण महानुभावहरू,**

असल आचरण, कुशल प्रशासन र सुशासन मार्फत जनताले खोजेजस्तो, रोजेजस्तो र चाहेजस्तो सेवा प्रवाह गरी बलेफीबासी नागरिकहरुको सन्तुष्टि आर्जन गर्न गाँउपालिका सँधै प्रतिवद्ध रहेको छ ।गाँउबासीको चाहाना र आवश्यकताको संम्बोधनलाई उच्च प्राथमिकता दिई निर्माण गरिएका क्षेत्रगत नीति तथा आधार अनुरुप बजेट निर्माण तथा प्रभावकारी कार्यान्वयन मार्फत विकास लक्ष्य प्राप्ती हुने विश्वास दिलाउदै नीति तथा कार्यक्रम तर्जुमामा सहयोग पुर्याउनुहुने बलेफी गाँउपालिकाका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, वडासदस्यज्यूहरु, गाँउपालिकाका शाखा प्रमुख सहित सम्पुर्ण कर्मचारीहरु, वडासचिव सहित वडा कार्यालयका कर्मचारीहरु, शिक्षक, विभिन्न राजनितिक दलका नेताज्यूहरु, संघसंस्था, उद्योगी,

व्यवसायी, सञ्चारकर्मीज्यूहरु सहति समस्त बलेफी गाँउबासी आमाबुबा, दाजुभाई, दिदीबहिनीहरुमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद !!!**

*गंगा बहादुर तामाङ*

*अध्यक्ष*